# चन्द्रागिरि नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः १३** **मितिः २०७९/०९/२९**

## भाग–२

## चन्द्रागिरि नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरकार्यपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## सम्वत् २०७९ सालको कार्यविधि नं. १०

## मधुमेह तथा उच्च रक्तचापबाट प्रभावित ६० बर्ष माथिका जेष्ठ नागरिकहरूलाई औषधि खर्च नगद अनुदान कार्यविधि, २०७९

**प्रस्तावना**

राष्ट्रिय स्वास्थ्य निति २०७६ अनुसार स्थानीय तहबाट आवश्यकता अनुसार नीतिगत निर्णय गरि आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न सक्ने ब्यवस्था भए अनुसार मधुमेह तथा उच्च रक्तचापबाट प्रभावित ६० बर्ष माथिका जेष्ठ नागरिकहरुलाई औषधि खर्च उपलब्ध गराउन वान्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाबाट यो कार्यविधि बनाईएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम मधुमेह तथा उच्च रक्तचापबाट प्रभावित ६० बर्ष माथिका जेष्ठ नागरिकहरुलाई औषधि खर्च नगद अनुदान कार्यबिधि २०७९ रहेको छ।

(ख) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) नगद अनुदान भन्नाले दफा ५ बमोजिम उपलब्ध गराउने रकम सम्झनु पर्दछ,

(ख) लाभग्राही भन्नाले ६० बर्ष माथिका चन्द्रागिरि नगरपालिका भित्र स्थायी बसोबास गर्ने मधुमेह र उच्च रक्तचापका बिरामीलाई सम्झनु पर्दछ,

(ग) स्थानीय तह भन्नाले चन्द्रागिरि नगरपालिकालाई सम्झनु पर्दछ,

(घ) बैंक भन्नाले नगद अनुदान हस्तान्तरण गर्ने नगरपालिकाले तोकेको बैंक भन्ने सम्झिनु पर्ने छ।

## परिच्छेद २
## अनुगमन तथा सिफारिस समिति

३. **अनुगमन तथा सिफारिस समितिः** यस चन्द्रागिरि नगरपालिका भित्र मधुमेह तथा उच्च रक्तचापका औषधि सेवन गर्ने ६० वर्ष माथिका जेष्ठ नागरिकहरुले औषधि सेवन गरेको एकिन गर्न अनुगमन, नियमन तथा नीति निर्माण गर्ने गरी देहाय बमोजिम नगरस्तरीय तथा वडास्तरीय अनुगमन तथा सिफारिस समिति गठन गरिने छ।

(क) नगरस्तरीय अनुगमन तथा सिफारिस समिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - | संयोजक |
| नगर उपप्रमुख | - | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | - | सदस्य |
| सामाजिक विकास समिति संयोजक | - | सदस्य |
| सामाजिक विकास शाखा प्रमुख | - | सदस्य |
| लेखा शाखा प्रमुख | - | सदस्य |

स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

नगरस्तरीय अनुगमन तथा सिफारिस समितिको काम कर्तब्य देहाए बमोजिम हुने छः

(१) नगद अनुदान कार्यविधि अनुसार भए नभएको एकिन गर्ने,

(२) नगद अनुदानको लागि आवश्यक नीति निर्माण श्रोत व्यवस्थापन गर्ने,

(३) वडा स्तरीय समितिलाई सहजीकरण गर्ने र

(४) नगद अनुदान सम्बन्धी कुनै गुनासो भएमा सोको सम्बोधन गर्ने,

(ख) वडास्तरीय अनुगमन तथा सिफारिस समिति

वडा अध्यक्ष - संयोजक

महिला वडा सदस्य - सदस्य

वडा सदस्य - सदस्य

वडा सचिव - सदस्य

स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव

वडास्तरीय अनुगमन तथा सिफारिस समितिको काम कर्तव्य देहाय बमोजिम रहने छ,

(१) समयसमयमा तथ्यांक अध्यावाधिक गर्ने तथा मासिक रुपमा नगरपालिकामा प्रतिवेदन पेश गर्नु पर्ने,

(२) औषधि सेवन गरे नगरेको एकिन गरि प्रमाणीकरण गरि नगरपालिकामा सिफारिस गर्ने

(३) गुनासो सुनुवाई गर्ने,

(४) अनुदान रकमको सहि प्रयोग भए नभएको अनुगमन गर्ने र

(५) लाभग्राहीले औषधि सेवन गर्न नपर्ने वा निजको मृत्यु भएको भए निजलाई सूचीबाट हटाउन सिफारिस गर्ने,

## परिच्छेद ३

## लाभग्राही छनोटको आधारहरु तथा नगद अनुदान

### ४. लाभग्राही छनोटको आधारहरु

(१) ६० बर्ष उमेर पुरा गरेको हुनु पर्ने,

(२) चन्द्रागिरि नगरपालिका भित्र स्थायी बसोबास भएको परिचय खुल्ने कागजात हुनु पर्ने,

(क) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) बसाइसराईको प्रमाणपत्र ।

(३) मधुमेह वा उच्च रक्तचाप भएको र चिकित्सकबाट प्रेस्क्रिप्शन अनुसार औषधि सेवन गरेको हुनु पर्ने,

(४) नगद अनुदान लिन इच्छुक हुनु पर्ने,

लाभग्राहीमा छनोट हुनको लागि निजले माथि उल्लेखित सबै आधारहरु पुरा गरेको हुनु पर्ने छ,

५. **नगद अनुदानः** लाभग्राहीले प्राप्त गर्ने नगद अनुदान मासिक रुपमा देहाय बमोजिम हुने छ,

(१) मधुमेह वा उच्चरक्तचाप मध्ये कुनै एक रोग लागेको व्यक्तिका लागि अनुदान रकम रु ४००/- प्रदान गरिनेछ,

(२) मधुमेह र उच्चरक्तचाप मध्ये दुवै रोग लागेको व्यक्तिका लागि अनुदान रकम रु ८००/- प्रदान गरिनेछ,

(३) सो नगद अनुदान रकम लाभग्राहीको बैकको खातामा जम्मा गरिनेछ ।

## परिच्छेद ४

## बाधा अड्काउ फुकाउने सम्बन्धमा

६. **बाधा अड्काउ फुकाउने सम्बन्धमाः** यो कार्यविधि कार्यान्वयन गर्दा कार्यान्वयनको सिलसिलामा कुनै समस्या आइपरेमा नगरकार्यपालिकाले सोको बाधा अड्काउ फुकाउन सक्नेछ ।

प्रमाणिकरण:

मूल्य रू. ५/-

आज्ञाले

जीवन प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत